## विद्यालयको परिचय

री गाउँ माध्यमिक विद्यालय स्थापना काल देखिनै भौगोलिक विकटता र आर्थिक अभावमा रुमलिँदै आफ्ना पाइलाहरू अगाडि बढाउने सपना देख्दै अगाडि बढेको देखिन्छ। यस विद्यालयको स्थापनाको लागि री गाउँ बासिहरुले शिक्षा पाउन र दिलाउनका लागि अदम्य साहसहरू बटुल्दै तत्कालिन समयमा सामाजिक भावना बटुल्दै, तत्कालिन री गा.वि.स मा वि. स २०१८ मा प्राथमिक विद्यालयको रुपमा स्थापना गरेको ईतिहास सर्वविदित छ। तत्कालिन समाज एक त पुरातन वादी सोचको थियो भने अर्को आर्थिक तथा भौतिक पक्षको संकट थियो। यस्तो विषम परिस्थितिमा पनि शिक्षाको ज्योति फैलाएर समाजलाई सकारात्मक दिशा बोध गर्नु भनेको तत्कालिन समयको अनुकरणीय कार्य भित्र पर्दछ। उक्त समयका समाज सेवी एवं बुद्धिजीवीहरूको शिक्षा प्रतिको सद् भावले नै आज री गाउँ मा.वि. समग्र गंगाजमुना गाउँपालिका वडा नम्बर १ र २ को शैक्षिक धरोहरको रुपमा उभिन सफल भएको छ। हाम्रा पुर्वजहरुको योगदानले गर्दा आज री गाउँ मा. वि. (प्रा.वि., नि.मा.वि. मा.वि. र उ.मा.वि.) सम्मको शिक्षाको उज्ज्वल ज्योति छर्न सफल भएको छ। हाम्रा पुर्वजहरुको अथक प्रयास र देनले गर्दा नै आज हामी री गाउ मा.वि. नामबाट सबैमा परिचित हुन पुगेका छौ।

यो विद्यालय चुनौती भित्र सम्भावनाहरूको खोजी गर्दै संघर्षको साथ गन्तव्य तर्फ दिन प्रतिदिन अगाडि बढ्दै गइरहेको छ। यस विद्यालयको चुनौतिको रुपमा आर्थिक संकट तथा भौगोलिक विकटता प्रमुख रहेको छ। वर्तमान अस्थामा एउटा खुड्किला पार गरेर अर्को खुड्किलाको लागि पाइला उठाउँदै छ री गाउँ मा.वि.। अनि उज्ज्वल गन्तब्यको खोजी गरिरहेको छ। उषाको किरणहरू जसले अज्ञान रुपी अन्धकारलाई पूर्ण रुपमा नष्ट गर्दै विगतका दिनहरुमा, यस मा.वि. ले अनन्त संघर्ष गरिरह्यो र निरन्तर जुधी रह्यो। जसरी माथिबाट तल देखिने आंखु नदी अवश्य सुसाउँदै अविरल रुपमा बगिरह्यो। सायद त्यहि आँखु नदीले री वासीलाई मार्गदर्शन गरिरह्यो होला अवश्य पनि सफलताको शिखरमा पुगिने नै छ भनेर यसैलाई अनुकरण गर्दै री गाउँको शिक्षाको क्षेत्रमा वि. स. २०१८ पौष १९ गते कक्षा १ औपचारिक शुरुवात भयो। स्थापना पछिका वर्षहरुमा यस विद्यालयले क्रमश: कक्षा २, ३ हुँदै गयो र वर्तमानमा समयमा कक्षा १२ सम्म चलिरहेछ। जन्मनु र जन्माउनु मात्र आफैमा ठूलो कुरा होइन तर यसको मलजल तथा हेरचाह गरि हुर्काउनु ठुलो कुरा हो। विद्यालयको भौतिक पुर्वाधार तथा शिक्षकको अभावले पनि जन्मेर खुट्टा टेक्न नपाउँदै अन्त हुने त होइन ? तत्कालिन परिवेशमा यस विद्यालयमा काला बादलहरू नमडारिएका पनि होइनन् तर, आवश्यकता भित्र आविष्कार हुन्छ भने दृढ विश्वासका साथ अगाडि बढ्यो। प्रतिकूलता भित्र अनुकूलता पनि हुन्छ भन्ने अनुभूति लिँदै प्रत्याभूत गर्दै री गाउँ प्रा. वि. क्रमश: आफ्नो पाइला चाल्दै ताते ताते गर्दै थियो समय समयमा यसको आधार धरमराउँदै कतै लड्न खोज्दै अशक्त हुँदै अगाडि बढ्दै थियो, एउटा भनाई नै छ, **"जहाँ समस्या छ, त्यहाँ समाधान पनि हुन्छ"** यिनै प्रेरणादायी भनाइ भित्र सहानुभूतिका पाटाहरू बटुल्दै आफ्ना प्रयासहरु जारी राख्यो। समयको दौडान संगै, यस विद्यालयले, निम्न माध्यामिक विद्यालयको यात्रा तयार गरि अध्यापन संचालन गर्न थाल्यो। कक्षाकोठामा पस्दा चक डस्टरको अभाव, हाजिर गर्न कापीको अभावलाई सामना गर्दै आफ्नो अस्तित्व कायम राख्ने प्रयत्नशील रह्यो। अप्ठ्याराहरु संग जल्दै वि.सं. २०५२ सालमा नि.मा.वि., २०५६ सालमा मा.वि. र २०६६ सालमा उ.मा.वि. मा परिणत

भयो। समस्याहरु त छँदै थिए, पढाउने शिक्षक मसलन्द, भवन, फर्निचर लगायतका पूर्वाधारहरु अभावको कारणले अरु जटिलता प्रदान गऱ्यो। यावत जटिलतालाई सामान्य तर्फ लैजान सरकारी तथा गैरसरकारी संस्थाहरुबाट अमूल्य पृष्ठपोषणहरू प्राप्त हुन थालेपछि री गाउँ माध्यमिक विद्यालय एक अस्तित्व युक्त युनिटीका रुपमा बिकास हुन थाल्यो। जहाँ पूर्णता भन्दा अभाव र आवश्यक खड्कि रहने गर्दछन्। यस्ता भोगाइहरू सुरुवात देखि आज सम्म पनि निरन्तर रुपमा आइरहेका छन्। यसै दौरान मा ANA France कि Founder President Colette Graves को मुख्य देन रह्यो। Colette Graves को री गाउँ नि. मा.वि. लाइ मा.वि. र उ. मा.वि. सम्म पुऱ्याउन प्रमुख भूमिका रहेको छ। Colette Graves लाइ री गाउँ सम्म ल्याउन बुद्ध सिङ तामाङ को भूमिका रहेको छ। वर्तमान अवस्थामा री मा.वि. मा करिव ३५० ( तीन सय पचास ) विद्यार्थी, १८ जना शिक्षक, एक जना लेखापाल, २ जना सहायक कर्मचारी र १ विद्यालय नर्स गरि जम्मा २२ जान शिक्षक कर्मचारी लिएर अगाडी बढ्दैछ। यस विद्यालयलाई ANA France र Namate/MAP Monaco को सहयोगमा NARAA Nepal (Local NGO) यसको भौतिक एवं शैक्षिक गुणस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यस संगसंगै नेपाल सरकाले पनि प्रमुख भूमिका खेल्दै आएको छ। स्थानीय अभिभावकहरुको जाकरुकताले पनि विद्यालयको प्रगतिलाई पृष्ठपोषण प्राप्त भएको छ। समस्याहरुको बावजुद पनि वि. व्य. स तथा अभिभावकको सक्रियताले उ. मा.वि. संचालन हुन अर्को सुखद पक्ष हो। उ. मा. वि. संचालन भए पश्चात सुरुका दिनहरुमा विविध अभावका कारण समस्या महसुस गरिरहेका नैराश्यता हटेर वर्तमानमा समयमा गति लिन थालेको अनुभूति भै रहेको छ। यस विद्यालयको भौगोलिक अवस्था जमिन भिरालो उकाली ओराली विभिन्न गरा, काँन्ला, कतै अग्लो कतै होचो, त्यति नमिलेको देखिन्छ। वास्तामै, यो विद्यालय भौगोलिक विकटतामा रहेको छ।

यो विद्यालय सामुन्द्रिक सतह देखि १७५० मी. उचाईमा रहेको छ। उच्च स्थानमा रहेको हुनाले यहाँ वाट चारैतिर खुल्ला दृश्यावलोकन गर्न सकिन्छ। यस विद्यालयको दक्षिण तिर गणेश हिमाल स्वास्थ्य चौकी, कुताल गाउँ र री स्वास्थ्य चौकी रहेका छन्। यस विद्यालयको पूर्वतिर चोके गाउँ, हिमालय आधारभूत, पश्चिम पट्टि सेक्ताली र तावल गाउँ तथा पासाङ चोक महादेव मा.वि., उत्तरतिर गणेश हिमाल रहेको छ। यहाँको हावापानी न त जाडो छ, न त गर्मी मध्यम खालको छ। यहाँका विद्यार्थीहरु माध्यमिक शिक्षा अध्ययनका लागि करिब १ देखि २ घण्टा हिडेर आउँछन। एउटै जातिका मानिसहरुको बसोबास तथा कुनै आपसी द्वन्द्व नरहेको साथै मिलेर काम गर्ने वातावरण रहेको पाईन्छ। गाउँका मानिसहरुमा सामूहिक तथा आपसी सद्भाव आलोपालो तथा सहयोगी भाव, मेलापात, कुटो कोदालो, अर्म-पर्म गरी जीवनयापन गर्ने गरेको देख्न सकिन्छ।

यस विद्यालयको सेवा क्षेत्र भित्र रहेका मानिसहरु प्राय तामाङ जाति र केहि विश्वकर्मा रहेका छन्। यहाँका मानिसहरु इसाई धर्म र बौद्ध धर्म मान्छन्। यहाँका मानिसहरुको मुख्य पेशा भने कृषि र ज्याला मजदुरी हो। केहि मानिसहरु मजदुरीको लागि अन्य शहर तिर जाने एवं बैदेशिक रोजगारमा जाने गर्दछन्। यहाँ बस्ने मानिसहरुलाई कृषि उत्पादन बाट उब्जिएको अन्नले वर्षको ४ महिना मात्र खाना पुग्दछ। धैरे मानिसहरु प्रायजसो आफ्नै घरमा बसी निगालोको थुन्से, डालो र मान्द्रो बुन्ने गर्दछ। यिनीहरु, यहाँका पहिचान र मुख्य आम्दानीको रुपमा पुर्बिया काल देखि

चिनिँदै आएक छन् । विद्यालय र समुदायको सम्बन्ध नङ र मासुको जस्तै हुनुपर्छ । त्यसैले गर्दा यस विद्यालयले हरेक वर्ष ३/४ पटक अभिभावक भेला, आमा भेला अन्तरक्रिया, कार्यक्रम, शिक्षक अभिभावक भेला र व्यक्तिको रुपमा विद्यालय रेखदेख गर्न लगाउने, गुणस्तर बढाउने कार्य गरी सबै विद्यालयप्रति आकर्षण गर्ने कार्य गरिरहेकाले विद्यालय र समुदायबीच सुमधुर सम्बन्ध रहेको पाइन्छ ।